नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाण्डौ ।

## श्री आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नयाँ बजार (तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था, हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था, नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था, घुदुङ बहुउद्देश्यीय सहकारी संस्था, आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था) काठमाण्डौका बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८२/०१/१० गते**

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१/१२/१९ को निर्णयबाट समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न सोही ऐनको दफा १०५ बमोजिम यस समिति समक्ष लेखी आएकोमा सोहि ऐनको दफा १११(१) वमोजिम सो सहकारी संस्थाको संचालक समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार स्वतः निलम्वन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

- सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरुले सो सहकारीसँग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समितिसमक्ष बुझाई कार्यालय बन्द गर्नुको साथै कुनै पनि कारोबार नगर्नु नगराउनु हुन ।
- सञ्चालक, व्यवस्थापक र कर्मचारीले यस समितिसमक्ष उपस्थित भई आवश्यक सहयोग गर्नु हुन ।
- ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखी ऋण भुक्तानी गर्नु हुन साथै साविक सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरुसँग कुनै पनि कारोवार नगर्नु हुन ।
- बचतकर्ताहरुले बचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी निवेदन आवेदनको सूचना जारी भए पछि यस समितिसमक्ष निवेदन पेश गर्नु हुन ।
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समितिको कार्यालयसँग मात्र समन्वय गरी काम कारवाही गर्नु हुन ।
- विस्तृत एवं अद्यावधिक सूचनाको लागि यस कार्यालयको **Website: coopmc.gov.np** हेर्नु हुन ।